याङवरक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थर्पु, पाँचथर
कोशी प्रदेश, नेपाल

सूचना नं. :-४१/२०८०/०८१ मिति :- २०८०/१०/०९

## सूचना ! सूचना !! सूचना !!!

## भू-उपयोग वर्गीकरणको क्षेत्र परिवर्तन सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस याङवरक गाउँपालिकामा भूमिको समुचित उपयोग र प्रभावकारी ब्यवस्थापनको माध्यमबाट दिगो लाभ हासील गर्न यस गाउँपालिकामा पर्ने साविक गा.वि.स/ गाउँ पञ्चायतको नापी कार्यालयबाट उपलब्ध वडाहरुको नक्सामा भएको कित्ता अनुसार "भुउपयोग ऐन, २०७६" बमोजिम कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, खानि तथा खनिज क्षेत्र, वन क्षेत्र, नदि, खोला, ताल तथा सिमसार क्षेत्र, सार्वजानिक उपयोगको क्षेत्र र साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्रमा वर्गीकरण तथा नक्साङ्कन गरिएको भूउपयोग योजना स्थानीय भू-उपयोग परिषदबाट मिति २०८०/०३/१७ गते पारित भएको व्यहोरा सम्बन्धित सबैमा अवगत नै छ । उक्त भूउपयोग क्षेत्र वर्गीकरणमा कुनै समस्या भएमा वा आफ्नो जग्गाको क्षेत्र परिवर्तन गर्न आवश्यक रहेमा भूउपयोग क्षेत्र परिवर्तनको आधार र कारण खुलाई फरक परेका ब्यक्तिहरुको लागी एक पटकको लागी मात्र सम्बन्धित वडा कार्यालयमा सम्पर्क गरी तोकिएको निवेदन ढाँचा अनुसार निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

सुमन लिङ्डेन लिम्बु
प्रमुख प्रशासकीय अधिकृत